**माण्डवी गाउँपालिका, प्यूठानको**

# आ.व २०८१/०८२ को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

**माण्डवी गाउँपालिका**
**प्यूठान जिल्ला**
**लुम्बिनी प्रदेश**

## मिति: २०८२ जेठ ९ गते

**१.पृष्ठभुमिः** सार्वजनिक पद र अधिकार धारण गरेका कर्तव्यपालक र सेवाग्राहीबीच सार्वजनिक रूपमा हुने प्रत्यक्ष अन्तरक्रिया सार्वजनिक सुनुवाइ हो। सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ। स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ। नियमित र खुला अन्तरक्रियाका माध्यमबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान गरी विश्वासको वातावरण कायम गर्नु यसको उद्देश्य हो। स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट मूल्याङ्कन गराउने तथा नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवारीबोधको संस्कार बसाउन तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ।

सूचनाको हकसम्बन्धी ऐन तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनले पनि सेवाप्रति सेवाग्राहीको सुझाब तथा सुनुवाइलाई जोड दिएका छन्। स्थानिय सरकारले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ। यसबाट सेवाग्राहीका गुनासा सेवा–प्रदायकले सुनी पुनः नदोहोर्याउने प्रतिबद्धता व्यक्त गर्छन्। सुचनाको हक सम्वन्धी ऐन तथा सार्वजनिक निकायमा सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि २०६७ तथा स्थानीय सरकार सचालन ऐन २०७४ मा भएका ब्यवस्था अनुसार सेवा प्रदायक निकायले आफुले गरेका कामकारवाहीको विषयमा सरोकारवाल निकायविच अन्तरक्रिया गरी पारदर्शिता प्रवर्दन, आन्तरिक सुशासन कायम र सहभागितामुलक कार्य पद्दति अवलम्वन गर्न महत्वपूर्ण भुमिका खेल्छ।

माण्डवी गाउँपालिकाद्धारा आ.ब २०८१।०८२ को हालसम्म सम्पन्न गरेका कार्यहरु ,गाउँपालिकाबाट गरिएको सेवा प्रवाह, संचालन भएका बिकास निर्माण कार्यहरु तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको हो।

**२.कार्यक्रमको उद्देश्यः**

यस कार्यक्रमको उदेश्य माण्डवी गाउँपालिकाको आ.व. २०८१/०८२ को हालसम्मको प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो। कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ।

१. कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु।
२. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने।
३. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने।
४. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
५. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
६. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने।

## माण्डवी गाउँपालिकाको परिचय

- **अवस्थिति:** नेपाल सरकारको निर्णयाअनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु तिराम (१–४), मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो । यस गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् ।
- **क्षेत्रफल:** ११३.०८ वर्ग.कि.मी.
- **जनसंख्या:** जम्मा जनसंख्या १५८६३ ,पुरुषको जनसंख्या: ७०३९ , महिलाको जनसंख्या: ८८२४ (श्रोत राष्ट्रिय जनगणना २०७८ ) ।
- **घर परिवार संख्या:** ३७९४ **जम्मा घरधुरी:** ३४६९
- **परिवारको औशत आकार:** ४.१८, **लैंगिक अनुपात**: ७९.७७ **वार्षिक जनसंख्या वृद्धिदर:** ०.५०
- **जनघनत्व:** १४०,
- **साक्षरता दर (प्रतिशतमा ):** ८१.५५
- **वडा संख्या:** ५
- **शैक्षिक संस्था संख्या:** मा.वि-५, नि.मा.वि- ६, प्रा.वि- १५, निजि स्कुल-२, सामुदायिक सिकाई केन्द्र: २
- **स्वास्थ्य संस्थाहरु:** ५ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाई गरि जम्मा ८ वटा स्वास्थ्य संस्थाहरु रहेका छन ।
- **कर्मचारी पदपूर्तिको अवस्था:** माण्डवी गाउँपालिका, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा १०४ जना कर्मचारी कार्यरत रहेकोमा ४८ जना स्थायी र ५६ जना सेवा करारमा कार्यरत रहेका छन ।

| विवरण | गाउँपालिका ,वडा कार्यालय | स्वास्थ्य चौकी तर्फ | जम्मा |
|---|---|---|---|
| स्थायी कर्मचारी | २८ | २० | ४८ |
| करार कर्मचारी | ३४ | २२ | ५६ |
| **जम्मा** | **६२** | **४२** | **१०४** |

# २०८१/०८२ को हालसम्मको आय-व्यय विवरण

## आय संघिय सरकार

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ७,५८,००,००० | ५,३८, ७८,६४० | ७१.०८ |
| २. | शसर्त अनुदान चालु | १५,९१,०६,००० | १४,९५,१६,२७० | ९३.९७ |
| ३. | शसर्त अनुदान पुँजीगत | १,७०,००,००० | १,४७,५०,००० | ८६.७६ |
| ४. | विशेष अनुदान पुँजीगत | ३,००,००,००० | १,९८,००,००० | ६६ |
| ५. | सम्पुरक अनुदान पुँजीगत | ७५,००,००० | ७५,००,००० | १०० |
| **जम्मा** | | **२८,९४,०६,०००** | **२४,५४,४४,९१०** | **८४.८०** |

**आय प्रदेश सरकार**

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ४७,१५,००० | ३५,३६,२५० | ७५ |
| २. | शसर्त अनुदान चालु | ९,००,००० | ५,९४,००० | ६६ |
| ३. | शसर्त अनुदान पुँजीगत | ७०,०० ,००० | ४६,२०,००० | ६६ |
| ४. | विशेष अनुदान पुँजीगत | २०,००,००० | १३,२०,००० | ६६ |
| ५. | सम्पुरक अनुदान पुँजीगत | ७०,००,००० | ४६,२०,००० | ६६ |
| **जम्मा** | | **२,१६,१५,०००** | **१,४६,९०,२५०** | **६७.९५** |

**राजश्व बाडफाँड**

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १. | संघिय सरकार | ७,८४,००,००० | ५,५९,६५,११९.०५ | ७१.३८ |
| २. | प्रदेश सरकार | ३७,७७,००० | २२,४९,४९७.०५ | ५९.५५ |
| **जम्मा** | | **८,२१,७७,०००** | **५८,२१,४६१६** | **७०.८४** |

**आन्तरिक श्रोत**

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १. | आन्तरिक श्रोत (अ.ल्या सहित) | २,७३,९०,००० | १,९७,१५,९४३ | ७१.९८ |

## व्यय तर्फ चालु र पुँजीगत खर्च विवरण (हाल सम्मको)

| सि.नं. | विवरण | विनियोजित बजेट रु. | खर्च रु | खर्च% |
|---|---|---|---|---|
| १ | चालु | २८,६०,४९,००० | १६,५६,८७,८५४ | ५७.९२ |
| २ | पुँजीगत | १३,८४,५७,००० | ६,४८,२९,३१५ | ४६.८२ |
| **कुल जम्मा** | | **४२,४५,०६,०००** | **२३,०५,१७,१६९** | **५४.३** |

## २. खर्च विवरण (हाल सम्मको)

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०२/०८

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८८,९०,०००.०० | २५,२७,१३२.०० | २८.४३ |
| २ | सामाजिक विकास | २६,३७,३७,०००.०० | १४,६६,००,२०४.२८ | ५५.५९ |
| ३ | पूर्वाधार विकास | ५,१०,७२,०००.०० | ३,०९,८१,०००.०० | ६०.६६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९६,४५,०००.०० | २२,०६,३७६.०० | २२.८८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,३६,६२,०००.०० | ४,६०,०४,८६७.७५ | ५४.९९ |
| कुल जम्मा | | **४२,४५,०६,०००** | **२३,०५,१७,१६९** | **५४.३** |

## अन्तरिक राजश्व (२०८१ श्रावण देखि २०८२ जेठ ८ सम्मको शिर्षकगत आन्तरिक आम्दानी )

| क.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | भुमि तथा मालपोत कर - ११३१४ | ११४,०४३.९० |
| २ | सम्पत्ति कर - ११३१३ | १,९५५,७८७.०८ |
| ३ | अखेटोपहारमा लाग्ने कर - ११६३२ | ४९,२००.०० |
| ४ | अन्य कर - ११६९१ | ३५,०००.०० |
| ५ | अन्य दस्तुर - १४२४९ | ३८७,२८०.०० |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क - १४२२९ | ७४,०००.०० |
| ७ | अन्य सेवा शुल्क - १४२१९ | ३,३२०.०० |
| १० | घर बहाल कर - ११३१७ | ४४९,४५१.२५ |
| ११ | दहत्तर बहत्तर शुल्क - ३३३६६ | ३,५५०,०००.०० |
| १२ | नक्सापास तथा अभिलेखीकरण दस्तुर - १४२४२ | ५३,४२५.८३ |
| १३ | न्यायिक दस्तुर - १४२२१ | १,२००.०० |
| १४ | नाता प्रमाणित दस्तुर - १४२४५ | १४,५००.०० |
| १५ | परीक्षा शुल्क - १४२२४ | ३१,३००.०० |
| १६ | व्यक्तिगत घटन दर्ता दस्तुर - १४२४४ | २६५,०००.०० |
| १७ | वेरुजु - १५१११ | ५२,४१७.०० |
| १९ | व्यवसाय कर - १४६११ | १२,०००.०० |
| २० | व्यवसाय रजिष्ट्रेशन, नवीकरण तथा अभिलेखीकरण दस्तुर - १४२५३ | ३७१,२६५.०० |
| २१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय - १४१५१ | १००,१६२.०० |
| २२ | सिफारिस दस्तुर - १४२४३ | ५६४,८५५.०० |
| **जम्मा** | | **८,०८४,२०७.०६** |

| सि.नं. | गाउँपालिका/वडा | अन्तरिक आम्दानी रु. |
|---|---|---|
| १ | गाउँपालिका कार्यालय | ५४,५५,१००.६० |
| २ | वडा नं. १ | ४,०१,४३९.३४ |
| ३ | वडा नं. २ | ४,६५,४६६.५४ |
| ४ | वडा नं. ३ | ८,८७,८०८.८२ |
| ५ | वडा नं. ४ | ३,३२,३७३.८८ |
| ६. | वडा नं. ५ | ५,४२,०१७.८८ |
| जम्मा रु. | | ८०,८४,२०७.०६ |

## माण्डवी गाउँपालिकाको आ.व २०८१/८२ को हाल सम्म भएका मुख्य मुख्य कामहरु

### कृषि तथा पशुपन्छी

१. कृषकहरुलाई ५० % अनुदानमा तरकारीबालि (काक्रा, करेला, बोडी, भिंडी, लौका, सिमि, टमाटर, खुर्सान) को बिउ वितरण

२. कृषकहरुलाई ५० % अनुदानमा खाद्यान्न बाली (धान, मकै) को बिउ वितरण

३. कृषकहरुलाई ५० % अनुदानमा मसलाबालि बाली (अदुवा , बेसार) को बिउ वितरण

४. कृषक पाठशाला अन्तर्गत वडा नं,. ४ दक्सुने, बुटेनीमा मकैबालीमा कृषक पाठशाला संचालन भईरहेको

५. कृषि यान्त्रिकरण अन्तर्गत थ्रेसर र मिलको माग आवेदन लिई खरिद प्रक्रियामा रहेको

६. एक घर एक मौरी कार्यक्रम अन्तर्गत माग आवेदन लिई खरिद प्रक्रियामा रहेको

७. फलफुलका बेर्ना वितरणका लागि सूचना प्रकाशित आवेदन संकलन भईरहेको

८. रैथाने बालि प्रवर्धनका लागि सूचना प्रकाशित गरि आवेदन संकलन भईरहेको

९. आपतकालिन कृषि विशेष कार्यक्रम अन्तर्गत कृषि शाखाको लागि आवश्यक विषादी खरिद गरि बालीनालीमा लाग्ने रोगको पहिचानको आधारमा किसानहरुलाई नियमित विषादी वितरण गरिएको

१०. पशु सेवा शाखाको लागि औषधि खरिद गरि पशुपन्छीहरुमा लाग्ने रोगको पहिचानको आधारमा नियमित रुपमा औषधि वितरण गरिएको र पशु सेवा शाखाबाट प्राविधिक टोलि कृषकहरुको घर घरमा पुगी पशुहरुको उपचार गरिएको।

११.गाउँपालिकाका किसानका सूचना, विवरणहरु एकीकृतरुपमा व्यवस्थापन गरी किसानलाई पहिचान गर्ने र राज्यबाट किसानलाई उपलब्ध हुने सेवा, सुविधा तथा विकास योजनासँग आबद्ध गर्ने उदेश्यका साथ संचालन गरिएको किसान सूचीकरण कार्यक्रम अन्तर्गत सहजकर्ता मार्फत तथ्यांक संकलन भई वडामार्फत प्रमाणीकरणको चरणमा रहेको।

१२.पशुपन्छी जन्य औषधि खरिद कार्यक्रम आवश्यक औषधि खरिद गरि सम्पन्न भएको।

१३.१८०८ कृषक घर धुरिहरुका सम्पूर्ण पशुपन्छिहरुमा लाग्ने विभिन्न रोग तथा समस्या अनुसारको औषधि वितरण गरीएको र निरन्तर रुपमा वितरण भई रहेको।

१४.माण्डवी गाउँपालिका,पशु सेवा शाखा देविस्थानको पहुँचबाट टाढा रहेका वस्ति वडा नम्बर ४, उदयपुरकोटमा पशु स्वास्थ्य शिविर संचालन भई सम्पन्न भएको।

१५.५ शहिद परिवारमा सानन जातको बोका र पाठी वितरण गरि कार्य सम्पन्न भएको।

१६. किसानको घर घरमा गाउँ सरकार कार्यक्रम अन्तर्गत माण्डवी गाउँपालिकाको ५ वटै वडामा संचालन भई सम्पन्न भएको।

१७. माण्डवी गाउँपालिकाको ५ वटै वडामा रहेका बाख्राहरुमा लाग्ने पि.पि.आर(PPR) बिरुद्धको खोप र गाईगोरुहरुमा लाग्ने खोरेत (FMD) बिरुद्ध खोप लगाएर सम्पन्न भएको।

१८.व्यवसायिक बाख्रा फर्महरुलाई खोर निर्माण/सुधार तथा जैविक सुरक्षा कार्यक्रमको निर्माण कार्य सम्पन्न गरि कागजात पेश भैसकेको र अनुगमन तथा मुल्यांकन गरि भुक्तानीको चरणमा रहेको।

१९.मासु पसल निर्माण तथा सुधार कार्यक्रमको निर्माण कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको।

२०.प्रदेश हस्तान्तरित बाख्रा प्रबर्दन कार्यक्रम(वडा नं. ५)मा निर्माण कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको।

२१.प्राविधिकहरुद्वारा कृषकहरुको समस्या पहिचान गर्न कृषकको घर गोठमा पुगी निशुल्क उपचार सेवा प्रदान भैरहेको।

## स्वास्थ्य

१. गर्भवती महिलाहरुका लागि भिडियो एक्सरे जाँच कार्यक्रम सम्पन्न ।

२. पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्या भएका महिलाहरुको स्वास्थ्य जाँच कार्यक्रम सम्पन्न ।

३. ६ कक्षा देखि १० कक्षासम्मका सम्पूर्ण किशोरीहरुको पाठेघरको क्यान्सर बिरुद्धको खोप अभियान सम्पन्न।

४. संकास्पद क्षयरोग बिरामीहरुको खकार परिक्षण कार्यक्रम सम्पन्न।

५. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी वडा घोषणा कार्यक्रम सम्पन्न , गाउँपालिका घोषणा कार्यक्रमको तयारीमा रहेको।

६. १९ जना दिर्घरोगीहरुलाई नेपाल सरकारले मासिक रुपमा उपलब्ध गराउने औषधि उपचार खर्च वापतको रकम प्रदान गरिएको

७. गाउँपालिकाले १७ जना दिर्घरोगिहरुलाई आर्थिक सहायता वापतको रकम उपलब्ध गराईएको।

८. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत १०-१९ वर्ष सम्मका किशोरीहरुको रक्त अल्पता र ब्लड ग्रुप जाँच गरिएको।

९. अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य बिमा कार्यक्रम सम्पन्न गरिएको छ।

१०.स्वास्थ्य शिविर सम्पन्न गरिएको छ।

११.जेष्ठ नागरिक आखाँ जाँच सम्पन्न गरिएको छ।

१२.स्वास्थ्य आमा समुहहरुलाई स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

१३.सुत्केरी टेवा कार्यक्रम सम्पन्न ।

१४.सुत्केरी महिला तथा दलित जेष्ठ नागरिकहरुलाई निशुल्क एम्बुलेन्स सेवा संचालन गरिएको।

## शिक्षा

१. दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८१-२०८९ को मस्यौदा लेखन तयारी गरिएको,
२. ICT स्रोत शिक्षकहरुलाई बार्षिक परीक्षा कक्षा ८ र अन्य कक्षाका लागि IEMIS सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको
३. बार्षिक परीक्षा २०८१ सञ्चालन गरी आधारभूत तह कक्षा ५ र ८ को उत्तरपुस्तिका परीक्षण र नतिजा सार्वजनिक,
४. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि सेनिटरी प्याड खरिद गरिएको
५. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गरिएको
६. विपन्न डाक्टर इन्जिनियरिङ् छात्रवृत्तिका लागि सूचना आव्हान गरि निवेदन संकलन गरिएको
७. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रबाट कार्यक्रमकालागि प्रस्तावना माग गरिएको
८. शैक्षिक क्यालेण्डर २०८२ निर्माण गरिएको,
९. विद्यालयमा लेखापरीक्षण गर्नाका लागि लेखापरिक्षक छनौट तथा नियुक्ति प्रदान गरीएको,
१०. विद्यालयको तथ्याङ्क सत्यापनका लागि,विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सल्लाह सुझाव आदान प्रदान कार्यक्रम,
११. प्रधानाध्यापक संग र शिक्षकसंग शिक्षण सुधार सम्झौता गरिएको,
१२. नियमित गाउँ शिक्षा समिति बैठक,प्रधानाध्यापक बैठक बसी शैक्षिक असल अभ्यास ,अनुभव अदानप्रदान र योजना निर्माण गरिएको,
१३. २०८१ असोज २ गते राष्ट्रिय शिक्षा दिवसको अवसरमा कक्षा ८,१० र १२ मा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र शिक्षक सम्मान, शैक्षिक सत्र २०८०मा उत्कृष्ट शिक्षक,प्रधानाध्यापक,विद्यालय ,अभिभावकलाई सम्मान गरि शिक्षा दिवस मनाइएको
१४. माध्यमिक शिक्षा SEE २०८० को नतिजा समिक्षा गरी योजना निर्माण गरिएको ,
१५. दोस्रो अध्यक्ष कप २०८१ र तेस्रो राष्ट्रपति रनिङ्ग शिल्ड २०८१ प्रतियोगिता सुसम्पन्न गरिएको,

## भौतिक पूर्वाधार तथा भवन नियमन

१. आ.व.२०७८/७९ मा सम्झौता भएको“१५ शैया अस्पातल निर्माण” निर्माण चालु आ.ब. मा सम्पन्न भएको।

२. आ.व.२०८०/८१ मा सम्झौता भएको “चकचके -एकचोटे-कालीखोला जोड्ने मोटरबाटो नयाँ सडक" चालु आ.ब. मा सम्पन्न भएको।

३. आ.व.२०८०/८१ मा सम्झौता भएको “भेडाबारी उदयपुरकोट बृहित लिफ्ट खानेपानी आयोजना” चालु आ.ब मा कार्य सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको ।

४. आ.व.२०८१/८२ मा सम्झौता भएको “नयाँगाउँ र्याले देखि धनचौर जोड्ने मोटरबाटो निर्माण योजना “ निर्माण कार्य सम्पन्न भएको ।

५. आ.व.२०८१/८२ मा सम्झौता भएको गणेश मा.वि. चार कोठे भवन निर्माण, बागीश्वरी मा.वि. भवन निर्माण तिग्रा, सुन्नानी मा.वि. २ तल्ले भवन निर्माणको ठेक्का प्रक्रिया भई निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको ।

६. आ.व.२०८१/८२ मा सम्झौता भएको योजना “गोल्वाङ लिफ्ट एक घर एक धारा खा.पा. योजना” को निर्माण कार्य सम्पन्न भएको।

७. आ.व.२०८१/८२ मा सम्झौता भएको “गाउँपालिकाको पार्किङ तथा आवास निर्माण” योजना चालु आ.व.मा सम्पन्न हुने गरि कार्य भईरहेको।

८. आ.व.२०८१/८२ मा सम्झौता भएको “जस्पुर खानेपानी योजना” निर्माण कार्य अन्तिम चरणमा रहेको ।

९. आ.व.२०८१/८२ मा सम्झौता भई “आपचौर खानेपानी योजना” निर्माण कार्यको चरणमा रहेको।

## महिला,बालबालिका तथा सामाजिक समावेशीकरण

१. अल्पकालिन सेवा केन्द्रलाइ निरन्तरताका लागि भूवनेशवरी महिला वचत तथा ऋण सहकारी सँस्था सँग सम्झौता गरी निरन्तरता दिइएको छ।
२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सम्बन्धी दुइ दिने कार्यशाला गोष्ठी गरी परिक्षण कार्य सम्पन्न गरिएको छ।
३. ज्येष्ठ नागरिक तिर्थयात्रा तथा मिलन केन्द्र अध्ययन अवलोकन भ्रमण अन्तर्गत देवघाट धामको तिर्थयात्रा र नारायणगढ स्थित सतरंग मिलन केन्द्रको अवलोकन गरि सम्पन्न गरिएको छ।
४. अन्तराष्ट्रिय अपांगता दिवस र जेष्ठ नागरिक दिवसको अवसरमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गरि सम्पन्न गरिएको छ।
५. लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानको अवसरमा गाउँपालिका र वडा कार्यालयमा लैंगिक हिंसा सम्वन्धी अभिमुखीकरण कार्यक्रम गरी सम्पन्न गरिएको छ ।
६. दलित सिप विकास तालिम अन्तर्गत मिति २०८२/१/१४ गते देखी एक महिने पलम्वर तालिम सञ्चालन गरिएको छ।
७. महिलाहरुलाइ ड्राइभिङ तालिम अन्तर्गत मिति २०८२/१/१४ गते देखी २८ गते सम्म पन्ध्र दिने तीन पांग्रे अटो सवारी साधन ड्राइभिङ तालिम सम्पन्न भएको छ। जसमा ३ जना महिलाले तालिम लिनु भएको छ।
८. अपांगता सिप विकास तालिम अन्तर्गत मिति २०८२/१/१४ गते देखी एक महिने मोवाइल मर्मत तालिम सञ्चालन गरिएको छ। जसमा ४ जनाले तालिम लिइरहनुभएको छ
९. गाउँपालिका स्थित सम्पूर्ण सहकारी सँस्थाहरुको अनुगमन गरी सम्पन्न भएको छ।
१०. बाल अधिकार सम्वन्धी तालिम तथा सिर्जना प्रदर्शनी अन्तर्गत गाउँपालिका ५ वटा वडाहरुमा वडास्तरीय वाल सञ्जाल गठन र बाल अधिकारको संरक्षणमा स्थानीय सरकारको भूमिका विषयक वक्तृत्वकला कार्यक्रम गरिएको छ, जसमा वडा नं १, २ र ३ मा सम्पन्न भएको छ भने ४ र ५ मा वाँकी रहेको ।
११. अपांगता भएका बालबालिकाको शैक्षिक विकासमा सहयोगका लागि सूचना प्रकाशन गरिएको छ।
१२. बाल विवाह न्यूनीकरण सम्वन्धी रणनीति निर्माण र अभियान सञ्चालन अन्तर्गत बाल विवाह न्यूनीकरण सम्वन्धी रणनीति निर्माण गर्नका लागि २०८२/२/७ र ८ गते कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ।
१३. दलित समूदायको हक अधिकार सम्वन्धी अभिमुखीकरण कार्यक्रम अन्तर्गत दलित र गैर दलित सम्मिलित गरी गाउँपालिकाका ४ वटा वडाहरुमा दलित समूदायको हक अधिकार सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१. जम्मा ६३६ सुचीकृत बेरोजगार व्यक्ति मध्ये रोजगारिमा खटिने ७० जना जसमध्ये नेपाल सरकारका योजनामा ३० जना आई.डि.ए का योजनामा ४० जना बेरोजगार व्यक्तिहरु रोजगारिका लागि छनौट भई योजनामा खटाईएको छ।

२.प्रत्येक वडा बाट ५ वटा आई.डी.ए र ५ वटा नेपाल सरकारका योजना सम्झौता भई लागत अनुमान बमोजिम कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहको।

३.आ.व ८२/८३ का लागि ५ वटै वडा बाट आएका जम्मा ५२४ जना बेरोजगार व्यक्तिको EMIS मा ईन्ट्रि कार्य सम्पन्न भएको,जसमा महिला ४३७ जना र पुरुष ८७ जना रहेको।

४.श्रमको सम्मान,बेरोजगारी व्यक्तिलाई रोजगारीमा खटिनुपुर्व अभिमुखिकरण कार्यक्रम,सुरक्षा सामाग्रि वितरण जस्ता कार्यक्रम पाँच वटै वडामा गई सफलता पुर्वक सम्पन्न भएको

५.रोजगार संवाद मञ्च सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरि कार्यविधि अनुरुप समिति गठन गरिएको।

६.YETI परियोजना अन्तर्गत ५० कार्य दिने सडक मर्मत कर्मी र जिवन उपयोगी सीप तालिमको सफलता पुर्वक संचालन र समापन भई भुक्तानिको चरणमा रहेको।

७. विभिन्न मुलुकामा बैदेशिक रोजगारीका लागी जाने व्यक्तिहरुको पुनः श्रम स्वीकृती र श्रम स्वीकृती गरी साउन देखी जम्मा ३१ जना व्यक्तिहरुलाई श्रम स्वीकृती प्रदान गरिएका

## विपद व्यवस्थापन

१. माण्डवी गाउँपालिका र गाउँपालिकामा संचालित प्रतिवद्ध ३ परियोजनाको संयुक्त सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी तपसिल बमोजिमका कार्यक्रमहरु सम्पन्न भएका छन।

- ५ वटै वडाको जोखिममा रहेका जोखिमयुक्त स्थानको भौगर्भिक अध्ययन
- ५ वटै वडाका जोखिममा रहेका समुदायका सदस्यहरुलाई आधरभूत प्राथमिक उपचार तालिम
- विपद व्यवस्थापन र सामुदायिक पुर्व तयारी सम्बन्धि छलफलका लागि टोल विकास संस्थासँग बैठक
- उन्नत ग्रामिण सडक निर्माण निर्देशिका निर्माण सम्बन्धि कार्यशाला
- गाउँपालिका र प्रदेश सरकारका प्रतिनिधिहरुलाई सिकाई अबलोकन भ्रमण
- विपद प्रभावित निजि आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०८१ को अभिमुखीकरण
- उन्नत ग्रामिण सडक निर्माण निर्देशिका निर्माण निर्देशिका कार्यान्वयनको लागि प्राविधिक डिजाइन सम्बन्धि कार्यशाला
- ५ वटै वडाका जोखिममा रहेका समुदायका सदस्यहरुलाई आधारभूत खोज तथा उद्धार सम्बन्धि तालिम
- विपद व्यवस्थापन सम्बन्धि योजना तथा कार्यविधिको मस्यौदा तयारी
- पूर्वानुमानमा आधारित सामुदायिक कार्ययोजना निर्माणका लागि टोल विकास संस्थासँग बैठक
- स्थानीय आपतकालीन कार्य संचालन केन्द्र, मौसम पूर्वानुमान र पुर्व सूचना प्रणाली सम्बन्धि अभिमुखिकरण
- विपद पुर्व तयारी तथा प्रतिकार्य योजनाको अन्तिम मस्यौदा तयारी कार्यशाला

२. विपद पुर्व तयारी तथा प्रतिकार्यको लागि गाउँपालिकामा संचालित प्रतिवद्ध ३ परियोजनाले गाउँपालिकालाई आवश्यक विपद व्यवस्थापन सामग्री हस्तान्तरण गरि तयारी अवस्थामा राखिएको

३. माण्डवी गाउँपालिकामा बाढी, पहिरो, आगलागी लगायत प्राकृतिक विपदबाट क्षति भएका विपद प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण गरिएको।

४. माण्डवी गाउँपालिका मिति २०७९ असोज महिनामा आएको बाढी पहिरोवाट क्षतिग्रस्त भई मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ बमोजिम पुनर्निर्माण लाभग्राही सुचिमा कायम भएका २२ जनालाई प्रथम किस्ता भुक्तानी गरि पुनर्निर्माणको कार्य सुचारु भएको। जसमध्ये ११ जनाको दोश्रो किस्ता पनि भुक्तानी गरिएको

## सामाजिक सुरक्षा तथा पंजीकरण

**२०८१/०८२ सामाजिक सुरक्षा भत्ता वितरण**

| त्रैमासिक | लाभग्राही संख्या | खर्च रकम |
|---|---|---|
| प्रथम | १६६३ | १,४५,५४,०९५ |
| दोश्रो | १६७९ | १,४७,१२,६०१ |
| तेश्रो | १६७८ | १,४६,९७,८३७ |

सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूलाई सम्बन्धित वडाको पायक पर्ने ठाउमा गएर सुरक्षाकर्मीको निगरानीमा बैंक तथा व्यक्तिगत घटना शाखा हेर्ने कर्मचारी उपस्थित भई बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। यसबाट धैरै सामाजिक सुरक्षा भत्ता लाभग्राही लाभान्वित भएका छन्।

## व्यक्तिगत घटना दर्ताको सन्क्षिप्त प्रतिवेदन

**जिल्ला :** प्युठान **गा.पा/न.पा. :** माण्डवी **दर्ता मिति देखि :** २०८१-०४-०१ **दर्ता मिति सम्म :** २०८२-०२-०८

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | २२ | २५ | ४७ | ८ | १० | १८ | ३ | १६ | १ | १२ | | | ८५ |
| २ | ४६ | ३७ | ८३ | १४ | १२ | २६ | २ | ३२ | | | ८ | ३७ | १५१ |
| ३ | ३४ | २१ | ५५ | ११ | १३ | २४ | ६ | ३७ | | | ३ | ६ | १२५ |
| ४ | ४९ | ४५ | ९४ | १४ | १० | २४ | ८ | ३७ | | | ६ | २५ | १६९ |
| ५ | २२ | २९ | ५१ | ६ | १० | १६ | ५ | ३२ | | | ५ | १२ | १०९ |
| **जम्मा** | १७३ | १५७ | ३३० | ५३ | ५५ | १०८ | २४ | १५४ | १ | १२ | २२ | ८० | ६३९ |

## न्यायिक सम्पादन

१. स्थानीय स्तरमा उत्पन्न भएको विवाद स्थानीय स्तरमै समाधान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय न्यायिक समितिमा आ.व २०८१/०८२ मा २४ वटा निवेदन परेकोमा १४ वटा फछ्र्यौट भईसकेको छ।

२. स्थानीय न्यायिक समितिमा दर्ता हुन आएका विवादहरू किनारा लगाउने क्रममा नियमित रुपमा न्यायिक समितिको बैठक सञ्चालन गरिएको छ।

## कानुन निर्माण

| क्र.सं. | नाम |
|---|---|
| १. | माण्डवी गाउँपालिकाको आर्थिक ऐन २०८१ |
| २. | माण्डवी गाउँपालिकाको विनियोजन ऐन २०८१ |
| ३. | उन्नत ग्रामीण सडक निर्माण निर्देशिका, २०८१ |

| | |
|---|---|
| ४. | डढेलो तथा आगलागी नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ |
| ५. | विपद् व्यवस्थापन स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०८१ |
| ६. | आपतकालीन कार्यसञ्चालन केन्द्र, कार्यसञ्चालन कार्यविधि, २०८१ |
| ७. | माण्डवी गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१ |

## योजनाहरुको कार्यान्वयन तह/क्षेत्र

| **विवरण** | **योजना संख्या** | **हाल सम्म सम्पन्न योजना** |
|---|---|---|
| गा.पा. स्तरीय | **१५** | **१२** |
| १ | ३४ | २८ |
| २ | १७ | १५ |
| ३ | १९ | ११ |
| ४ | १८ | १६ |
| ५ | २१ | १२ |
| **जम्मा वडास्तरीय** | **१०९** | **८२** |
| **कुल जम्मा** | **१२४** | **९४** |

## समस्या तथा चुनौतीहरु

१. कार्यक्रम कार्यन्वयनको लागि बजेट समयमा निकासा नहुनु
२. नागरिक समाज लगायत सरोकारवालाको भूमिका रचनात्मक नभई प्रतिक्रियात्मक बढी हुनु , Negative Advocacy बढी हुनु, सरकारले गरेका राम्रा कामहरु उल्लेख गर्न नचाहने
३. राष्ट्रिय रुपमा अर्थतन्त्रमा आएको नकारात्मक प्रभावले कार्यक्रम कार्यन्वयनमा अन्योलता
४. नीतिगत अस्पष्टता
५. उपभोक्ता समिति जिम्मेवार हुन नसक्नु

## अवसर तथा सम्भावनाहरु

- ऐतिहासिक उदयपुरकोट तथा बंगलाचुली ठुलिलेख पर्यटन गुरुयोजना तर्जुमा भइ कार्यान्वयनको चरणमा,
- जल यातायात मार्फत पर्यटन प्रवर्द्धन,
- झिमरुक तथा माडी नदीमा प्राकृतिक मत्स्य पालन ,
- ऐतिहासिक तिर्थस्थल स्वर्गद्वारी तथा जिल्ला सदरमुकाम लगायत अन्य छिमेकी जिल्लामा पुग्ने मुख्य राजमार्गले गाउँपालिका भित्रको होटल तथा अन्य व्यवसाय चलायमान गराएको,
- बेमौसमी टमाटर तथा नगदेवालीको उत्पादकत्व अधिक (तोरी,अदुवा, बेसार, कागती तथा फलफुलजन्य उत्पादन),
- झिमरुक जलविद्युतमा आत्मनिर्भर,

**भिमकान्त भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**